# गाउँसभाको १६औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष
# श्री रामप्यारी यादवज्यूले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८१/८२ को
# बजेट बक्तव्य

**जानकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानपुर,बाँके**
**२०८१ असार २६ गते**

## सभाध्यक्ष महोदय

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न म उपस्थित भएको छु। सर्वप्रथम यस जानकी गाउँपालिका गाउँसभाको १६औं अधिवेशनमा वार्षिक बजेट पेश गर्ने अवसर पाएकोमा खुसी लागेको छ।देश र जनताको निमित्त जीवन अर्पण गर्ने सबै ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दै सम्पूर्ण सहिदका परिवार, बेपत्ता नागरिक तथा घाइते योद्धाहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

बजेट तर्जुमाको शिलशिलामा यस जानकी गाउँपालिकाका गाउँ कार्यपालिकाका बिषयगत समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको सल्लाह सुझावलाई समेत ध्यान दिएको छु ।

## सभाध्यक्ष महोदय

उपरोक्तानुसारका उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्ष आ.वं. ०८१/८२ को बजेटका प्राथमिकताहरु निम्नानुसार निर्धारण गरेको छु :-

(क) कृषि तथा पशुजन्य उत्पादकत्व वृद्धि, व्यवसायिकरण र बजारीकरण ।

(ख) शिक्षाक्षेत्रमा सुधार,स्वास्थ्य सेवामा दायरा विस्तार गर्दै सबैको पहुँच कायम गर्ने,खानेपानी र सरसफाई सेवाको विस्तार गर्ने

(ग) विदेशबाट फर्केका युवाहरुलाई लक्षित गरी रोजगारमूलक र सीपमुलक कार्यक्रम संचालन गर्ने

(घ) महिला, अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, दलित र युवा लक्षित कार्यक्रम ।

## सभाध्यक्ष महोदय

गत आ.व.२०७९/२०८० को बजेट तुलना गर्दा गत आ.व. मा ६० करोड ५५ लाख ३८ हजार ३०३ रुपैया रहेको मा जस मध्ये चालु तर्फ रकम रु २८ करोड ४१

लाख १८ हजार ९७६ रुपैया (लगभग सतासी प्रतिशत खर्च) भएको र पुजिंगत तर्फ रकम रु १९ करोड ४४ लाख २० रुपैया लगभग (एकतर) प्रतिशत खर्च भएको कुल खर्च मा ४७ करोड ८५पचासी लाख १८ हजार ९९६ रुपैया लगभग असी प्रतिशत यथार्थ खर्च भएको

चालु आ.व. २०८०/२०८१ को कुल बजेट रकम रु ४८ करोड ६६ लाख १७ हजार ७ सय १० रुपैया भएकोमा जस मध्ये हाल सम्म चालु तर्फ रकम रु ३० करोड ७९ लाख ८९ हजार ६ सय ८७ रुपैया पैसा ६३ मात्र (८६.५६%), करिब ८७ प्रतिशत खर्च भएको र पुजींगत तर्फ रकम रु १० करोड ३१ लाख ६७ हजार ३४ रुपैया पैसा ५० मात्र (७८.८६%) करिब ७९ प्रतिशत खर्च भएको कुल रकम रु ४१ करोड ११ लाख ५६ हजार ७ सय २२ पैसा १३ रुपैया गरी जम्मा वजेटको ८४.५ प्रतिशत खर्च भएको र अब म उल्लेखित उद्देश्य र प्राथमिकताको आधारमा तयार गरिएको आर्थिक वर्ष आ.व. २०८१/८२ को अनुमानीत बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८१/८२ को कुल व्यय रु. ६८ करोड २७ लाख ६ हजार ३२ रुपिया बिनियोजन गरिएको छ । जस मध्ये संघ,प्रदेश र आन्तरिक श्रोत बाट हुन आउने अनुमानित बजेट निम्नानुसार रहेको छ ।

१. संघीय सरकार बाट शशर्त अनुदान रकम रु.१९ करोड ८४ लाख ३६ हजार
२. संघीय सरकार बाट प्राप्त समानीकरण अनुदान रु.११ करोड ९९ लाख
३. प्रदेश सरकार बाट प्राप्त समानीकरण अनुदान रु. ८२ लाख ३७ हजार
४. संघीय सरकार बाट प्राप्त राजस्व बाँडफाँड आम्दानी रकम रु.१० करोड २१ लाख
५. प्रदेश सरकार बाट प्राप्त राजस्व आम्दानि रकम रु.४३ लाख ९५ हजार मात्र
६. संघीय समपुरक अनुदान १ करोड मात्र
७. प्रदेश समपुरक अनुदान ७० लाख
८. संघीय विशेष अनुदान ९० लाख
९. प्रदेश विशेष अनुदान २० लाख

१०.अनुमानित आन्तरिक श्रोत आम्दानी २ करोड ५० लाख

११ सामाजिक सुरक्षा अनुमानित रकम १७ करोड

संघ,प्रदेश र आन्तरिक श्रोत बाट हुन प्राप्त हुन आउने अनुमानित बजेटलाई पालिका स्तरमा चालु तथा पुँजीगत,वडा स्तरमा चालु तथा पुँजीगत र विषयगत शाखाहरुमा तपसिल बमोजिम बिनियोजन गरेको छु ।

| शिर्षक | | बजेट |
|---|---|---|
| **आर्थिक विकास** | | |
| | कृषि शाखा | १५ लाख |
| | पशु सेवा शाखा | १५ लाख |
| | आयुर्वेद शाखा (अल्या रकमबाट विनियोजन गर्ने) | १० लाख |
| | लघुउद्यम विकास कार्यक्रम | ५ लाख |
| | सहकारी तथा वित्तीय सेवा | ३ लाख ३२ हजार |
| **सामाजिक विकास** | | |
| | शिक्षा,युवा तथा खेलकुद शाखा | २ करोड ७५ लाख |
| | खानेपानी तथा सरसफाई(वास प्लान) | ५ लाख |
| | महिलाबालबालिका तथा ज्येष्ठ नागरिक | ५ लाख |
| | स्वास्थ्य शाखा | ६० लाख |
| | स्वास्थ्य उपचार कोष | १५ लाख |
| | स्वयम सेविका प्रोत्साहन खर्च | २० लाख |
| **वन,वातावरण तथा विपद व्यवस्थापन** | | |
| | विपद व्यवस्थापन कोष | २० लाख |
| | विपद व्यवस्थापन कार्यक्रम (LEOCनिर्माण गर्ने ५ लाख) | १० लाख |
| **पूर्वाधार विकास** | | |
| | गाउँपालिका स्तरीय योजना | ३ करोड ४० लाख |
| | वडा स्तरीय योजना (पूर्वाधार तथा चालु) | ५ करोड ४८ लाख |
| | उपाध्यक्षज्युको योजना | ४० लाख |

| | | |
|---|---|---|
| | समपुरक कोष (वैकल्पिक उर्जा, फोहोरमैला व्यवस्थापन, तराई मधेशसमृद्धि कार्यक्रम लगायत) | १करोड ७० लाख |
| | मर्मतसंभार कोष | ३० लाख |
| | गत वर्षको दायित्व (अल्या भएको रकम मात्र) | १करोड ६५ लाख |
| | पूर्वाधार विकास शाखा | ३ लाख |
| | भूमि व्यवस्थापन खर्च | २० लाख |
| | प्रशासनिक भवन भेरिएशन रकम | १५ लाख |
| **सुशासन तथा संस्थागत विकास** | | |
| | गाउँपालिका चालु खर्च | ७ करोड ९० लाख |
| | लक्षित कार्यक्रम | ५० लाख |
| | न्यायिक समिति संचालन तथा व्यवस्थापन | ३७ लाख |
| | कर्मचारी कल्याण कोष | २० लाख |
| | एम्बुलेन्स व्यवस्थापन खर्च | १० लाख |
| | कन्या विद्यालय व्यवस्थापन खर्च | १५ लाख |
| | पालिका स्तरीय विविध कार्यक्रम | ५० लाख |

**अन्त्यमा,**

प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष ज्यू, सबै वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभा सदस्य ज्यू, विज्ञ एवं सल्लाहकार ज्यूहरु, राजनीति दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निजी क्षेत्र लगायत गाउँबासी दाजुभाई तथा दिदी बहिनीहरु लगायतका प्रतिकुलता बीच धैर्यताका साथ बजेट तर्जुमा गर्ने क्रममा खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

रामप्यारी यादव
उपाध्यक्ष
जानकी गाउँपालिका बाँके